# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**माटो परिक्षण शिविरका लागि माटोको नमूना लिने सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मितिः २०८२/१०।२२**

**सूचनाः ४९/२०८२।०८३**

कृषि ज्ञान केन्द्र रोल्पाको आयोजना मा थबाङ गाउँपालिका रोल्पा भित्र रहेका कृषकहरुको माग लाई मध्यनजर गर्दै खाद्यन्न, तरकारि, फलफूल लगायत अन्य बालीका लागि माटो परिक्षण शिविर सञ्चालन हुने भएकाले तपशिलमा उल्लेखित विधि अपनाई माटोको नमूना यहि मिति २०८२ साल माघ २९ गते भित्र थबाङ गाउँपालिका स्थित कृषि बिकास शाखामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

- एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ८/१० र १ हेक्टरबाट २०/२५ ठाँउबाट माटोको नमूना लिने।
- खाद्यान्न बालीको लागिः एकै प्रकारको माटो (जस्तै रङ ,बनावट, भिरालो पना आदि) प्रत्येक ठाँउबाट २० देखि २५ सेन्टि मिटर (६ देखि ९ ईन्च ) गहिरो V आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने।
- फलफूल बालीको लागिः फरक किसिमको माटो (जस्तै रङ ,बनावट, भिरालो पना आदि) भएको जमिनबाट छुट्टा छुट्टै तयार पार्ने। छनोट गरिएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने। माटोको नमूना लिन खाडलको एक तर्फको भित्ताबाट तल तर्फ १,२ र ३ फिट गहराईमा चिनो लगाउने, चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडामा ०-१,०-२ र २-३ फिट सम्मको माटोको नमूना संकलन गर्ने।
- सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने र फलफूलको हकमा प्रत्यक फिट (Layer) को माटो छुट्टाछुट्टै मिसाउने।
- यसरी जम्मा भएको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग राखि २ भाग हटाउने।बाँकि रहेको २ भाग माटोलाई फेरि राम्रो सँग मिसाएर पुन ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब आधा किलोग्राम (१/२) नभएसम्म दोहोऱ्याउने।
- उक्त आधा किलोग्राम माटोलाई केहि दिन छायाँ परेको ठाउँमा ओभाउन दिने।
- ओभाएको माटो लाई सफा झोलामा राखेर माथि उल्लेखित स्थानमान बुझाउने।

**माटोको नमूना परिक्षण गर्न पठाउँदा निम्न विवरणहरु हुनुपर्दछ।**

नामथरः

ठेगानाः

लगाउन चाहेको बालीः

पहिले लगाएको बालीः

नमूना संकलन गरेको मितिः

सम्पर्क नम्बरः

.........................

गणेश वि.क.

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत